# आलिताल गाउँपालिका

## डडेल्धुरा

**पाँचौ गाउँसभा तथा तेश्रो बजेट अधिवेशन**

**२०७६ असार ९-१२ बाट स्विकृत**

## आ.ब. २०७६/०७७ को नीति, कार्यक्रम तथा बजेट

# आलिताल गाउँपालिकाको
## पाँचौ गाउँसभा तथा तेश्रो बजेट अधिवेशन, २०७६ असार ९-१२ बाट स्विकृत
## गाउँपालिकाको आ.व. २०७६/०७७ को
## नीति, कार्यक्रम तथा बजेट

आलिताल गाउँपालिकाको यस पांचौ गाउँसभामा उपस्थित गाउँपालिका उपाध्यक्ष ज्यू, सम्पूर्ण वडा अध्यक्ष ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, कार्यपालिका सदस्य ज्यूहरु, गाउँ सभाका सम्पूर्ण सभासद तथा सदस्य साथीहरु, वडा सचिव ज्यू हरु, विषयगत कार्यालयका प्रमुख एवं प्रतिनिधि ज्यूहरु,विभिन्न सहयोगी तथा दातृ निकायका प्रतिनिधी ज्यूहरु, पत्रकार मित्रहरु, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिहरु, गाउँपालिका कर्मचारी लगायत उपस्थित सम्पूर्ण महानुभावहरु ,

नेपालको गणतान्त्रिक संविधान २०७२ जारी भएपछि २०७४ असार १४ गते सम्पन्न स्थानीय तह निर्वाचनमा आलिताल गाउँपालिकाबासी जनताले हामीलाई विश्वास गरी जनप्रतिनिधीको रुपमा चयन गरि जिम्मेवारी प्रदान गर्नु भएको अहिले दुई वर्ष पूरा भएको छ । यस अवसरमा म वहाँहरुप्रति हार्दिक कृतज्ञता सहित धन्यबाद व्यक्त गर्दछु । संविधान कार्यान्वयनका क्रममा भएको निर्वाचन प्रक्रियाद्वारा निर्वाचित भई राष्ट्रिय स्वाधीनता र स्वाभिमान, लोकतन्त्र, दिगो शान्ति, सुशासनमा टेवा पुऱ्याउनका साथै यस आलिताल गाउंपालिकाको विकास र समृद्धिको परिकल्पना सहित आ.व.२०७६/०७७को नीति तथा कार्यक्रम प्रस्तुत गर्न यस गरिमामय गाउँ सभामा सम्बोधनका लागि उपस्थित हुन पाउँदा गौरवान्वित भएको छु ।

राष्ट्रियता, लोकतान्त्रिक गणतन्त्र र जनजीविका प्राप्तिको आन्दोलनका विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । राष्ट्रिय स्वाधीनता र स्वाभिमान, लोकतन्त्र, सङ्घीयता, जनजीविका, सुशासन र समृद्धि प्राप्तिको आन्दोलन र क्रान्तिको नेतृत्व गर्ने नेताहरु, नागरिक समाज, सञ्चार जगत र सहभागी जनसमुदायलाई उच्च सम्मान र प्रशंसा गर्दै बधाई र धन्यवाद व्यक्त गर्दछु ।

हाम्रो वर्तमान जटिल एवं चुनौतिपूर्ण भएतापनि विगत गौरवपूर्ण छ, र हाम्रो भविष्य उज्जवल र सम्भावनायुक्त छ । हामीले राजनीतिक क्षेत्रमा ऐतिहासिक फड्को मारेका छौ । संविधान घोषणा भई कार्यान्वयनमा आएपछि तिनवटै तहका निर्वाचन सम्पन्न भएका छन् र लामो समयको संक्रमणकालको अन्त्य सगै मुलुक राजनीतिक स्थिरतातर्फ उन्मुख भएको छ । स्थानीय तहको निर्वाचन भई स्थानीय सरकार सञ्चालन र विकास निर्माणमा प्रत्येक नागरिकहरु स्वयं विकासको अभियानमा संलग्न हुने वातावरण बनेको छ । राजनीतिक प्रणालीप्रति नागरिकको भरोसा पुनर्स्थापित भएको छ ।यो समयलाई

आर्थिक सामाजिक रुपान्तरणको अवसरको रुपमा उपयोग गर्दै समृद्ध आलिताल गाउँपालिका निर्माण गर्नेहाम्रो परिकल्पना हो । यसका लागि हामी बीच एकता, विश्वास र सहकार्यको बलियो आधार हुन जरुरी छ । राष्ट्रियता, मानवअधिकार, लोकतन्त्र, विधीको शासन, सामाजिक न्याय, समृद्धि र विकासका पक्षमा आलिताल गाउँपालिकाको स्थानीय सरकार सधै समर्पित र प्रतिबद्ध छ । सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले निर्वाचित गरेका जनप्रतिनिधीहरु द्वारा निर्माण गरिएको नेपालको संविधान कार्यान्वयनको महत्वपूर्ण चरण सगैदेशमा नयाँ शासन व्यवस्थाको अभ्यास थालनी भएको छ । नेपालको संविधान-२०७२ बमोजिम राज्यको पुनर्संरचना भईतिन तहमा सरकार निर्माण भएका छन् भने जनता संग प्रत्यक्षरुपले जोडिएको व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका सहितको अधिकार सम्पन्न स्थानीय तह गठन भएको छ । जनताको स्वाभिमान र आर्थिक समृद्धिका लागि जनमुखी शासन व्यवस्था, सामाजिक सुरक्षा र न्याय तथा विकास निर्माणमा जनताको प्रत्यक्ष सहभागीता एवं जन-लेखापरीक्षण र पारदर्शिता लगायत लोककल्याणकारी राज्यले अप्नाउने व्यवस्थाप्रति यस गाउँपालिकाको नेतृत्व सदैव सचेत र प्रतिवद्ध रहेको छ ।

आदरणिय मित्रहरु ,

सर्वप्रथम त म यस आलिताल गाउँपालिकाको संक्षिप्त परिचय प्रस्तुत गर्दछु ।

- नेपालको संविधान २०७२ बमोजिम गठन भएका स्थानीय तहमध्ये डडेल्धुरा जिल्लाको साविकका २ वटा गा.वि.स.हरु गाड्खेत र आलिताल समेटेर बनेको यस आलिताल गाउँपालिकामा ८ वटा वडा रहेका छन ।
- डडेल्धुरा जिल्लाका गाउँपालिका मध्ये यो गाउँपालिका क्षेत्रफलमा सबैभन्दा ठूलोर जनसंख्यामा दोस्रो स्थानमा पर्दछ ।
- यसको पूर्वमा डोटी जिल्ला, पश्चिममा परशुराम न.पा., उत्तरमा अमरगढी न.पा. र भागेश्वर गा.पा. र दक्षिणमा कैलाली र कञ्चनपुर जिल्ला अवस्थित छन । यस गाउँपालिकाको केन्द्र साविक आलिताल गा.वि.स.को कार्यालय रहेको स्थानमा कायम गरिएको छ ।
- वि.सं.२०६८ सालको जनगणना अनुसार यहाँको जनसंख्या १८५३१ रहेको छ जसमध्ये ८९४६ जना पुरुष र ९५८५ जना महिला रहेका छन भने परिवार संख्या ३२८० रहेको छ ।
- ८०°२६' देखि ८०°३७' उत्तरी अक्षांशसम्म र २८°५५' देखि २९°१४' पूर्वी देशान्तरसम्म फैलिएको यसको क्षेत्रफल २९२.८७ वर्ग कि.मि. रहेको छ ।

- यस गाउँपालिकामा सबैभन्दा धेरै डोटेली भाषी, दोस्रो नेपाली र तेस्रोमा मगर भाषा बोल्नेको बाहुल्यता रहेको छ भने जातजातिको हिसाबले यहाँ क्षेत्री पहिलो, मगर दोस्रो र दलित तेस्रो रहेको पाईन्छ ।
- ६५.९२ प्रतिशत साक्षरता रहेको यस गाउँपालिकामा पुरुष साक्षरता ७७.४२ प्रतिशत र महिला साक्षरता ५५.३२ रहेको पाईन्छ ।
- यस गाउँपालिकाको नाम यस क्षेत्रकै ठूलो र प्रसिद्ध ताल"आलिताल" को नामबाट रहन गएको हो जुन हाल वडा नं. ३ अन्तर्गत अवस्थित छ ।
- यहाँका प्रमुख चाड पर्वहरुमा दशैं, तिहार, गौरा पर्व, तीज, महाशिवरात्री पर्व, माघे सकान्ति आदी पर्दछन् ।

आदरणिय महानुभावहरु,

अब म गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट तर्जुमा प्रक्रियामा अवलम्बन गरिएका आधारहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- नेपालको संविधानमा उल्लिखित मौलिक अधिकारहरु, राज्यका निर्देशक सिद्धान्तहरु तथा नीतिहरु,
- नेपालको संविधानको अनुसूचि ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूचि,
- नेपालको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्यप्रणाली,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित)
- स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४
- नेपाल सरकार तथा प्रदेश सरकारबाट आ.व. २०७६/०७७ को लागि प्रस्तुत भएको नीति तथा कार्यक्रम,
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन,
- संघीय सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,

- संघीय सरकारले अबलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु,
- नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धता, विभिन्न सन्धी सम्झौताहरु,
- न्यायलयबाट विभिन्न समयमा प्रतिपादन भएका न्यायिक नजीर, सार्वजनिक महत्वका आदेश तथा फैसलाहरु
- चौधौं आवधिक योजना,
- दिगो विकास लक्ष्य,
- विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तीकरण तथा समावेशी विकास, बालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, खुला दिशामुक्त तथा पूर्ण सरसफाइ, उर्जा संकट लगायतका अन्तरसम्बन्धित बिषयहरु ।

आदरणीय महानुभावरु,

<u>योजना/कार्यक्रम प्राथमिकिकरणका आधारहरु पस्तुत गर्दछु :</u>

- नेपालको दीर्घकालिन सोंच सहितको पन्ध्रौं पञ्चबर्षिय योजनाको आधारपत्र,
- आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,
- उत्पादनमूलक र छिटो प्रतिफल दिने ,
- राजस्व परिचालनमा योगदान पुऱ्याउने,
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने,
- स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिताका अभिवृद्धि गर्ने,
- लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि हुने,
- दिगो विकास, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुऱ्याउने,
- समुदायलाई विपद तथा जलवायु परिवर्तन उत्थानशिल बनाउने,
- परम्परागत धर्म संस्कृति, चाडपर्व मेला आदिको माध्यमबाट संस्कृति र पहिचान प्रवर्द्धन गर्ने,
- आलिताल गाउँ कार्यपालिकाबोर्डले आवस्यक देखेका अन्य विषयहरु,

आदरणीय महानुभावहरु ,

यस आलिताल गाउँपालिकामा देखिएका केही अवसरहरु प्रस्तुत गर्न चाहन्छु :-

- प्राकृतिक स्रोत साधन जस्तै बन जंगल, ढुङ्गा, गिट्टी, बालुवा आदीको सदुपयोगबाट स्थानीय स्तरमा रोजगारी प्रवर्द्धनका साथै आर्थिक विकास गर्न सकिने ।
- आलिताल, महाभारत भागेश्वर, घण्टेश्वर क्षेत्र, जोसिना झरना, शहीद भीमदत्त पन्तको बीरगति प्राप्त स्थान गल्लेक लगायत विभिन्न देवी देवताका मन्दिर रहेका ठाउँहरुलाई ऐतिहासिक तथा धार्मिक पर्यटन क्षेत्रको रुपमा विकास गरी पर्यटन प्रवर्द्धन सम्बन्धी विभिन्न कार्यक्रमहरु कार्यान्वयन गर्न सकिने ।
- "एक गाउँ, एक उत्पादन"को अवधारणा अनुरुप व्यवसायिक पशुपालन, मौरीपालन, फलफूल खेती, तरकारी खेती लगायत अन्य कृषि तथा पशुजन्य व्यवसायकालागि पकेट क्षेत्रको रुपमाकार्यान्वयन तथा विकास गर्न सकिने ।
- वन पैदावारमा आधारित काष्ठ तथा गैरकाष्ठ उद्योगहरुको स्थापना तथा विकास गर्न सकिने, आदि।

आदरणीय महानुभावहरु,

यी सबै अवसरहरु हुँदाहुँदै पनि यस आलिताल गाउँपालिकाको विकासमा तमामसमस्या र चुनौतिहरु पनि रहेका छन्, जुन यस प्रकार छन् ।

- बिकट तथा अप्ठेरो भौगोलिक बनावट (दुर्गम डांडा पाखा-पहरा, खहरेखोला, कमजोर सतहयुक्त जमिन,
- बाटोघाटो तथा यातायातको असुविधा,
- प्रकृतिक स्रोत साधनको उपयोग हुन नसक्नु,
- विभिन्न कानुनी जटिलता एवं झण्झट,
- चेतना स्तरमा कमी,
- संघीयता पुर्णरुपमा संस्थागत् हुन नसक्नु,
- इमान्दारिता र इच्छाशक्तिको कमी,
- परम्परागत् कृषि प्रणाली र स्थानीय उत्पादनले उचित बजार नपाउनु,
- सार्वजनिक निर्माणको लागि पर्याप्त बजेटको कमी,
- विद्युत तथा सञ्चार सुविधामा कमी,
- रोजगारीका अवसर श्रृजना हुन नसक्नु,
- दक्ष कर्मचारी तथा मानवस्रोतको कमी, आदी ।

आदरणीय महानुभावहरु ,

हाम्रा सामु विभिन्न चुनौतिहरु रहेता पनि विद्यमान अवसरहरु तथा उपलब्ध श्रोत साधनहरुको उच्चतम् सदुपयोग गर्ने गरी गाउँपालिकाको आ.ब.२०७६/०७७को नीति तथा कार्यक्रमहरु तर्जुमा गरेको छु ।यस सम्मानित सभामाछलफल तथा अनुमोदनका लागि विभिन्न विषयगत् नीति, कार्यक्रम तथा बजेट यस सम्मानित सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. सुशासन र सेवा प्रवाह :

- यस गाउँ कार्यपालिका तथा गाउँसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरु बीच आपसी सहमति र सहकार्यमा विशेष जोड दिँदै सर्वसम्मत रुपमा निर्णय गर्ने परिपाटीलाई निरन्तरता दिईनेछ ।
- जनतालाई छिटो छरितो र स्थानीय स्तरमै सेवा प्रवाह गर्न गाउँपालिकाका ८ वटै वडाहरुमा वडा कार्यालयहरुलाई थप व्यवस्थित गर्दै सेवा प्रवाहलाई अझ प्रभावकारी बनाईनेछ ।
- गाउँ कार्यपालिकाको कार्यालय, सबै वडा कार्यालय र गाउँपालिका अन्तर्गतका सबै मा.वि.हरुमा ई-हाजिरी शुरु गरिएको छ, जसबाट कर्मचारी तथा शिक्षकहरुको कार्यमा नियमितता आएको छ । यसैगरी हालसम्म पनि ईन्टरनेट सुविधाबाट बञ्चित यस गाउँपालिकामा ईन्टरनेट सेवा र सिसी टिभि क्यामेरा जडान भई कार्यालयका कामकाजहरुमा प्रभावकारिता आएको छ,उक्त सेवा अझै व्यवस्थित र विस्तार गर्दै लगिनेछ ।
- गाउँपालिका कार्यालय तथाअन्तर्गतका विभिन्न विषयगत शाखाहरु व्यवस्थापन गरि छिटो छरितो र प्रभावकारीसेवा प्रवाह गर्न गाउँपालिका परिसरमा कार्यालय भवन र बैठक कक्ष, तालिमहल लगायत अन्य आवश्यक भौतिक संरचनाहरु निर्माण तथा सुधार गर्ने कार्य लाई निरन्तरता दिईनेछ ।
- गाउँपालिकाले सञ्चालन गरेका योजना तथा कार्यक्रमहरुमा पारदर्शिता कायम गर्न सार्वजनिक सुनुवाई, सामाजिक लेखापरीक्षण लगायतस्थानीय मिडियाहरु र अन्य माध्यमहरु मार्फत सार्वजनिक गर्ने व्यवस्था गरिनेछ ।
- गाउँपालिका कार्यालय र प्रत्येक वडा कार्यालयहरुमा नागरिक वडापत्र, सुझाव पेटिका राखिएको छ । साथै गाउँपालिका तथा सम्बन्धित वडाको कार्यक्रम तथा बजेटको होर्डिङ्ग बोर्ड राख्ने, सञ्चालित योजना स्थलहरुमा योजना बोर्ड राखी पारदर्शिता कायम गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- आगामी आ.व. देखि संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (युएनडीपी) संगको साझदारीमा दिगो विकास लक्ष्य हासिल सम्बन्धी सुशासन प्रवर्द्धन नमुना कार्यक्रम सञ्चालन गरिनेछ ।

- स्थानीय बाल क्लब, युवा क्लब, सामुदायिक संघ संस्था र गैससहरुलाई कार्यक्रम सञ्चालनका लागि प्रोत्साहित गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरु मार्फत सञ्चालन हुने कार्यक्रमहरु एकद्वार प्रणाली नीति अवलम्बन गरी गाउँपालिकाबाट अनुगमन तथा नियमन गर्ने कार्यलाई थप प्रभावकारी बनाईनेछ ।
- समाजमा विद्यमान विकृति, विसंगति, कुरीति, कुसंस्कार, भ्रष्टाचार, घरेलुहिंसा जस्ता अमानवीय क्रियाकलापहरुको अन्त्य गरी भयमुक्त, न्यायपूर्ण र समानतायुक्त समाजको निर्माणका लागि आवश्यक नीति नियम बनाई कार्यान्वयन गरिनेछ ।
- सु-शासनमा जनप्रतिनिधीहरु लगायत कर्मचारी र स्थानीय युवा तथा अगुवा समाजसेवीहरुको भूमिका प्रोत्साहित गर्न बिभिन्न किसिमका तालिम तथा अध्ययन अवलोकन कार्यक्रमहरु संचालन गरिनेछन् ।
- विभिन्न योजना कार्यान्वयन पूर्व उपभोक्ता समितिका पदाधिकारीहरुलाई योजना कार्यान्वयन सम्बन्धी अभिमुखीकरण अनिवार्य गरिनेछ ।
- हरेक योजना कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन तथा सामाजिक परीक्षण गर्ने कार्यलाई अझ प्रभावकारी बनाईनेछ ।
- जग्गाको अंशबण्डा एवं नामसारी, नेपाली नागरिकताको प्रमाणपत्र, सामाजिक सुरक्षा कार्यक्रमका प्रमाणपत्र प्राप्ती जस्ता जिल्ला तहमा उपलब्धहुने सेवा स्थानीय स्तरमै उपलब्ध गराउन सम्बन्धित निकायहरु संग समन्वय गरि एकिकृत घुम्ति शिविर कार्यक्रम सञ्चालन गरिनेछ ।
- आगामी आ.व.मा सबै वडा कार्यालयहरुको लागि आवश्यक जग्गाको प्रबन्ध गरिनेछ र ४ वटा वडा कार्यालयको भवन निर्माण कार्य थालनी गरिनेछ ।

२. शिक्षाः

- गाउँपालिका अन्तरगतका सम्पूर्ण सामुदायिक विद्यालयहरु तथा समुदायमा सञ्चालित प्रारम्भिक बाल बिकास कक्षाहरुलाई निरन्तरता दिदै थप व्यवस्थित गर्दै लगिनेछ ।
- विद्यालयहरुमा कार्यरत निजीस्रोतका शिक्षकहरुको पारिश्रमिकको ठूलो भार थेग्दै आएका अभिभावकहरुको समस्या मध्यनजर गरी गत बर्ष देखि शिक्षक कर्मचारी व्यवस्थापन तथा शैक्षिक गुणस्तर सुधारको निमित्त गाउँपालिकाबाट उपलब्ध अनुदान सहयोगलाई निरन्तरता दिदै आगामी बर्ष थप १०% ले बृद्धि गरि अनुदान उपलब्ध गराईनेछ ।

- शैक्षिक गुणस्तर सुधारका लागि प्र.अ., शिक्षक तथा कर्मचारीहरुलाई हरुलाई आवश्यक तालिम तथा अभिमुखिकरण कार्यक्रम तर्जुमा गरी संचालन गरिनेछन् ।
- विद्यालयहरुको अवस्था अध्ययन गरी आवश्यकता अनुसार भवन निर्माण, घेरबार, फर्निचर, शौचालय, खानेपानी, खेल मैदान, पुस्तकालय, प्रयोगशाला आदिको व्यवस्था मिलाउन आवश्यक पहल गरिनेछ ।
- गाउँपालिका अन्तरगत् प्राविधिक शिक्षालय स्थापनाकालागि आवश्यक पहल गरिनेछ ।
- स्थानीय स्तरमानै उच्च शिक्षा हासिल गर्ने अवसर श्रृजना गर्न आलिताल बहुमुखी क्याम्पस स्थापनाकालागि आवश्यक पहल गरिनेछ ।
- आगामी आ.व.मा प्रत्येक वडामा एक एक वटा विद्यालय छनौट गरि नमूना विद्यालयको रुपमा विकास गर्न नमूना विद्यालय पाईलट कार्यक्रम सञ्चालन गरिनेछ ।

३. जनस्वास्थ्यः

- आलिताल स्वास्थ्य चौकीलाईअस्पतालमा स्तरोन्नति गर्न नेपाल सरकार स्वास्थ्य मन्त्रालय र जर्मन सरकारको सहयोगमा ५ शैयाको अस्पताल निर्माणको लागि प्रारम्भिक सम्झौता भई सर्वे कार्य सम्पन्न भैसकेको र जग्गा व्यवस्थापन लगायत अन्य प्रक्रियाहरु अघि बढीरहेकोमा यथाशक्य शिघ्र अस्पताल निर्माण कार्य सञ्चालन गर्न सम्वन्धित निकायमा पहल गरिनेछ ।
- एम्बुलेन्स सेवालाई व्यवस्थित र सर्वसुलभ बनाईनेछ ।
- गाउँपालिका अन्तरगत सञ्चालनमा रहेका स्वास्थ्य सेवा केन्द्र/बर्थिङ्ग सेन्टरहरुलाई थप व्यवस्थित र सुविधा सम्पन्न बनाउन विशेष जोड दिइनेछ, साथै प्रत्येक वडाहरुमा स्वास्थ्य सेवा केन्द्र र बस्तिहरुमा स्वास्थ्य क्लिनिक/खोप केन्द्रहरु स्थापना तथा व्यवस्थापन गरी स्वास्थ्य सेवा सर्वसुलभ बनाउने कार्यलाई बिशेष जोड दिईनेछ ।
- आबधिक रुपमा स्थानीय स्तरमा विभिन्न रोग सम्बन्धि बिशेषज्ञ डाक्टर सहितको स्वास्थ्य शिबिर संचालन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- नेपाल सरकारले निःशुल्क गरेका सबै औषधी तथा स्वास्थ्य सेवाहरु अस्पताल तथा स्वास्थ्य केन्द्रहरुबाट निःशुल्क र सर्वसुलभ रुपमा उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।
- मुटु, मृगौला, क्यान्सर, प्यारालाईसिस जस्ता जटिल रोगबाट पीडित रोगीहरु तथा गम्भीर चोटपटकबाट घाईते व्यक्तिहरुको उपचारका लागि यथासक्य आर्थिक सहयोग लगायत निशुल्क उपचारकोलागि आवश्यक पहल गरिनेछ ।

- अति विपन्न, अपाङ्ग, जेष्ठ नागरिक, एकल महिला/पुरुष तथा बेसहारा वर्गहरुका लागि निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था मिलाउन पहल गरिनेछ ।
- गाउँपालिका अन्तरगत रहेको आयुर्बेदिक औषधालयलाई डाक्टर सहित स्तरोन्नति गरी स्तरीय स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक पहल गरिनेछ ।
- बहुक्षेत्रीय पोषण कार्यक्रमको सहकार्यमा सुरक्षित मातृत्व, एक घर एक करेसाबारी जस्ता कार्यक्रमहरु निरन्तरता दिंदै खाद्य तथा पोषण कार्यक्रमलाई अझ प्रभावकारी रुपमा संचालन गरिनेछ ।
- समुदायस्तरमा स्वास्थ्य सेवामा महत्वपूर्ण योगदान पुऱ्याउदै आएका महिला स्वास्थ्य स्वयम् सेविकाहरुको उत्प्रेरणा र क्षमता अभिवृद्धिकालागि पोशाक लगायत अन्य उत्प्रेरणात्मक र क्षमता विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४. खानेपानी तथा सरसफाईः

- खानेपानी तथा सरसफाईको क्षेत्रमा कार्यरत ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना लगायत अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरुसँग समन्वय र सहकार्य गर्दै दीर्घकालीन गुरुयोजनाको आधारमा गाउँपालिका अन्तर्गतका सम्पूर्ण टोल बस्तीहरुमा शुद्ध खानेपानी सेवा विस्तार गर्ने लगायत पूर्ण सरसफाई सम्बन्धि कार्यहरुलाई निरन्तरता दिईनेछ ।
- गाउँपालिका अन्तरगत बिगतमा सञ्चालित खानेपानी योजनाहरुको मर्मत सम्भार तथा स्तरोन्नति गर्ने, साथैबस्ती स्तरको सम्भाव्यता अध्ययन गरी आवश्यकता अनुसार नयाँ खानेपानी योजनाहरु संचालन तथा सम्पन्न गर्दै लगिनेछ ।
- स्रोतको अभावमा खानेपानीको सुविधाबाट बञ्चित गाउँ बस्तीहरुमा सम्भाव्यता अध्ययन गरी लिफ्ट प्रविधि वा अन्य सम्भाव्य प्रविधीबाट शुद्ध खानेपानी उपलब्ध गराउन आवश्यक पहल गरिनेछ ।
- खानेपानीको दिगोपनका लागि मुहान संरक्षण, घेरबार, बृक्षारोपण, पानी रिचार्ज जस्ता बिभिन्न कार्यक्रमहरु संचालन गर्न बिशेष जोड दिईनेछ ।
- फोहरमैलाको दीर्घकालिन ब्यवस्थापनकोलागि सेनेटरी ल्याण्डफिल साईटको सम्भाब्यता अध्ययन गरिनेछ ।
- बजारक्षेत्र तथा सार्वजनिक स्थानहरुको फोहोरमैला व्यवस्थापनकालागि डस्टवीन तथा कन्टेनर राख्ने र प्रयोग गर्ने व्यवस्था मिलाईनेछ ।

५. कृषि तथा पशु विकासः

- आधुनिक र व्यावसायिक कृषि प्रणालीको माध्यमद्वारा कृषि उत्पादन तथा उत्पादकत्वमा बृद्धि गरी स्थानीय किसानहरुको जीवनस्तर उकास्न विशेष जोड दिईनेछ । यसका लागि "एक गाउँ एक उत्पादन"पकेट कार्यक्रम, नमूना कृषि तथा पशुपालन फार्म सञ्चालन, विरुवा उत्पादन नर्सरी जस्ता कार्यक्रहरु सञ्चालन गर्ने गरी बजेटको व्यवस्था मिलाएको छु ।
- अर्गानिक मह उत्पादन क्षेत्रको रुपमा परिचित यस गाउँपालिकालाई मौरीपालन सम्वन्धी पकेट क्षेत्रको रुपमा विकास गर्न र मह प्रशोधन केन्द्र स्थापना तथा सञ्चालनकालागिआवश्यक पहल गरिनेछ ।
- गाउँपालिका अन्तरगत कृषि अनुसन्धान तथा विकासकालागि माटो परीक्षण, प्रबिधी हस्तान्तरण लगायत सहुलियत दरमा मल, बिउ, औषधी आदीको व्यवस्था मिलाईनेछ ।
- अगुवा कृषक तथा युवा जनशक्तिलाई ब्यवसायिक कृषि तथा पशुपालन सम्बन्धी क्रियाकलापहरु जस्तै तरकारीखेती, फलफूलखेती, बाख्रापालन, बंगुरपालन, हाँस-कुखुरापालन, माछापालन, मौरीपालन आदिमा आबद्ध गराई रोजगारी तथा आयआर्जनमा बृद्धि गर्न अनुदान, प्रबिधी हस्तान्तरण एवं तालिमको व्यवस्था गरिनेछ ।
- ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, युएनडीपी, युएसएड जस्ता दातृ निकाय संगको सहकार्यमा कृषि तथा पशुपालनमा आधारित जीविकोपार्जन सुधार सम्बन्धि विभिन्न कार्यक्रमहरु रणनीतिक योजना बनाई समसदाय स्तरमा कार्यान्वयन गरिनेछ । यसकोलागि आवश्यक समपुरक बजेट बिनियोजन गरेको छु ।
- गाउँपालिका लगायत सबै वडाहरुमा कृषि तथा पशु सेवा केन्दहरु बिस्तार गरी कृषि र पशु सेवालाई सहज र सर्वसुलभ बनाउन आवश्यक पहल गरिनेछ ।

६. सिंचाई, पानी तथा जलाधार क्षेत्र संरक्षणः

- गाउँपालिका अर्न्तगत बिगत देखि संचालित कुलो, नहर, पोखरी लगायतका सिंचाई सुविधाको संरक्षण, सम्बर्द्धन र मर्मत सम्भारका साथै स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- साना सिंचाई आयोजनाहरुको आवश्यकता पहिचान, सम्भाव्यता अध्ययन गरी प्राथमिकताक्रम निर्धारण गरी स्रोतको आधारमा कार्यान्वयन गरिनेछ तथा ठूला सिंचाई आयोजना कार्यान्वयनका लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।
- पानीका श्रोत संरक्षण तथा उपयोग सम्बन्धि नीति निर्माण गरि कार्यान्वयन गरिनेछ । साथै विकास निर्माणका कार्य गर्दा पानीका श्रोत तथा वातावरणमा प्रतिकुल असर नपुग्ने गरि मात्रै गरिनेछ ।

- सिचाई सुबिधा बिस्तार गर्नु पर्ने बस्तीहरुको आवश्यता, श्रोत तथा सम्भाव्यता हेरी कुलो, नहर, पोखरी, लिफ्ट सिंचाई, थोपा सिंचाई, डिप बोरिङ  आदि  विविध प्रविधीमा आधारित सिंचाई सुविधा निर्माण गर्न आवश्यक पहल गरिनेछ ।
- राष्ट्रपति चुरे संरक्षण तथा विकास कार्यक्रम लगायत विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसंग समन्वय र सहकार्य गरी आलितालको संरक्षण र विकासका साथै वन वातावरण, संकटमा परिरहेका पानीका मुहान तथा जलाधार क्षेत्र संरक्षण, जैविक विविधताको संरक्षण र बाढी पहिरो नियन्त्रण जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिदै अझ प्रभावकारी बनाईनेछ ।

७. वन, वातावरण तथा विपद् व्यवस्थापनः

- आगामी आर्थिक बर्षलाइ बृक्षारोपण बर्षको रुपमा मनाईने छ । यस अन्तरगत् "एक घर एक विरुवा" अभियान लगायत विभिन्न सार्वजनिक स्थलहरु, खाली क्षेत्र र विशेष गरी निर्माण गरिएका सडक किनाराहरुमा बृक्षारोपण अभियान सञ्चालन गरिनेछ, र स्वच्छ, सफा र हराभरा वातावरण निर्माणमा बिशेष जोड दिईनेछ ।
- वन तथा वातावरणको संरक्षण, सम्बर्द्धन तथा दिगो उपयोग र बिकासका लागि वन बिज्ञको सहयोग लिई सामुदायिक वन उपभोक्ता समूहको क्षमता अभिबृद्धिका साथै वन व्यवस्थापन तथा उपयोग नीति, कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ ।
- निजी वन, कबुलियती वन, धार्मिक वनको अवधारणा प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक पहल गरिनेछ ।
- सामुदायिक वनहरुबाट काठ संकलन र बिक्री वितरण प्रकृयालाई नियमानुसार परिमार्जन गरी काठको स्थानीय माँगलाई सुलभ बनाउन आपूर्ति समिति मार्फत उचित मूल्य तथा सर्वसुलभ रुपमा काठ दाउरा सदुपयोग तथा बिक्री बितरण गर्ने व्यवस्था मिलाउन आवश्यक पहल गरिनेछ ।
- गाउँपालिका परिसरमा निर्मित हाईटेक नर्सरीलाई थप व्यवस्थित बनाईनेछ, साथै प्रत्येक वडामा कम्तीमा एउटा बेर्ना उत्पादन नर्सरी निर्माण अनिवार्य गरिनेछ ।
- यस क्षेत्रमा रहेका अमूल्य र दुर्लभ बनस्पति तथा बन्यजन्तुहरुको संरक्षणका लागि आवश्यक पहल गरिनेछ ।
- विभिन्न नदी खोला तथा खहरे खोलाहरुबाट बर्षेनी हुने क्षति रोक्न नदी नियन्त्रण तथा तटबन्ध गुरुयोजना निर्माण तथा कार्यान्वयनकोलागि सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ ।

- बाढी, पहिरो, नदी कटान, भूस्खलनबाट जोखिमयुक्त स्थान/क्षेत्रहरुको सर्वेक्षण, अध्ययन अवलोकन गरी आवश्यक योजना सहित कार्यान्वयन गरिनेछ ।
- दैवी प्रकोपजन्य घटना न्यूनिकरण गर्न सरोकारवाला संघसंस्थाहरु सँगको समन्वय र सहकार्यमा विपद् व्यवस्थापनसँग सम्वन्धित आवश्यक सामाग्रीहरु जगेडा राखिनुका साथै वार्ड स्तरमा विपद व्यवस्थापन कार्यदल गठन तथा परिचालन गरिनेछ ।

<u>८. सडक यातायात तथा पुल पुलेसाः</u>

- आ.व. २०७६/०७७ मा गाउपालिकाको यातायात गुरुयोजना निर्माण गरिनेछ ।
- गाउँपालिकाका सबै वडा तथा बस्तीहरुलाई सडक सञ्जालले जोडने नीति अनुरुप गाउंपालिका अन्तरगत्का सम्पूर्ण ग्रामिण तथा कृषि सडकहरुको मर्मत, स्तरोन्नति तथा विस्तार कार्यलाई निरन्तरता दिईनेछ ।
- सडक निर्माण कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन निर्माणपूर्व सडकहरुको सर्वे तथा डिजाईन र लागत इष्टिमेट तयार गरेर मात्रै निर्माण कार्य सञ्चालन गरिनेछ ।
- सडकहरु निर्माण गर्दा वन तथा वातावरणको अवस्थालाई बिशेष ध्यान पुर्याईनेछ, साथै निर्माण पश्चात् बृक्षारोपण अनिवार्य गरिनेछ ।
- विभिन्न सडक मार्ग लगायत नदी घाटहरुमा सडक पूल निर्माण गर्ने लक्ष्य बमोजिम गोदामबजार देखि गाउँपालिका केन्द्र बीच पर्ने सुनखोलामा सडकपूल निर्माणको लागि टेण्डर भई सकेको, र यसैगरी घुम्ती आलिताल सडकको रंगुन नदी, आलिताल गांखेत सडकको मणेलाघाट, ढाड्डुखोला, जालटुंडा ग्वान्नी सडकको रज्यौडा खोला, घरेलु खिन्नेभाडी सडकको भाडी खोला लगायत अन्य आवश्यक खोलामा सडकपुल निर्माणकालागि आवश्यक पहल गरिनेछ ।
- गाउंपालिका अन्तरर्गत् आवश्यक स्थानहरुमा ठूला-साना झोलुङ्गे पूल निर्माणका लागि आवश्यक पहल गरिनेछ ।
- गाउंपलिकामा यातायात सहजताकालागि सार्वजनिक बस सेवा सञ्चालन गरिनेछ ।

<u>९. बिद्युत तथा उर्जाः</u>

- गाउँपालिका अन्तर्गत् विद्युत सुविधाबाट बञ्चित गाउँ बस्तीहरुमा यथासक्य शीघ्र बिद्युत सुविधा पुर्याउन नेपाल विद्युत प्राधिकरण सँग समन्वय गरि विद्युत लाईन विस्तार तथा विद्युतिकरण कार्यलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

- बजारक्षेत्र, धार्मिक स्थलहरु तथा अन्य सार्वजनिक स्थानहरुमा सौर्य बत्ती जडान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- विभिन्न संघसंस्था र स्थानीय समुदायसँगको सहकार्यमा नवीकरणिय उर्जा तथा विद्युत सम्बन्धी अन्य योजना तथा कार्यक्रमहरु (सोलार सिस्टम, बायो ग्यास, गोबरग्यांस आदि) सञ्चालन गरि विद्युतीय सेवा सुविधा बृद्धि गर्न आवश्यक पहल गरिनेछ ।

१०. उद्योग, पर्यटन विकास तथा स्थानीय कला संस्कृति संरक्षणः

- गाउँपालिका क्षेत्रभित्र उपलब्ध स्रोत साधनहरुको अध्ययन, अनुसन्धान तथा नियमन गरी निजी लगानीमा उद्योग व्यवसाय सञ्चालन गर्न लगानीमैत्री वातावरण सृजना गर्न आवश्यक पहल गरिनेछ ।
- स्थानिय श्रोत साधन तथा कच्चा पदार्थमा आधारित विभिन्न साना तथा मझौला किसिमका कृषि तथा पशुजन्य उद्योग सरकारी एवं सामुदायिक स्तरबाट संञ्चालन गर्न प्रोत्साहित गरि स्थानीय स्तरमा रोजगारीका अवसर श्रृजना गर्न बिशेष जोड दिईनेछ ।
- वन पैदावारमा आधारित उद्योगहरु, जडीबुटी, खोटो संकलन तथा प्रशोधन उद्योग, स: मिल, फर्निचर तथा काष्ठ उद्योग, पानी प्रशोधन जस्ता उद्योग स्थापनाकालागि निजीक्षेत्रलाई प्रोत्साहित गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र खेर गई रहेका ढुंगा, गिट्टी, बालुवा जस्ता प्राकृतिक श्रोतको संरक्षण, सम्बर्द्धन र उपयोग गरी गाउँपालिकाको आर्थिक श्रोत बृद्धिका साथै रोजगारी श्रृजना गर्न क्रसर उद्योग, ब्लक, ह्युमपाईप तथा बिद्युतिय पोल निर्माण जस्ता उद्योग स्थापनाको लागि पहल गरिनेछ । यसको लागि सम्भाव्यता अध्ययन तथा प्रारम्भिक वातावरणीय प्रभाव मुल्यांकन प्रतिबेदन (आइ.ई.ई.) स्विकृतिकालागि जिल्ला समन्वय समितिको कार्यालयमा पेश गरिएको छ ।
- सुदूरपश्चिम प्रदेशकै महत्वपूर्ण र पर्यटकीय सम्भावनायुक्त आलितालको संरक्षण तथा विकास कार्यलाई यस गाउ'पालिकाको गौरबको योजनाको रुपमा अघि बढाएका छौं । यसको योजनाबद्ध संरक्षण तथा विकासको लागि डीपीआर निर्माण गर्ने काम अन्तिम चरणमा रहेको छ । आलितालालाई नेपाल पर्यटन बोर्ड मार्फत् पर्यटन गन्तब्य घोषणाका साथै तालको संरक्षण तथा विकासकालागि डीपीआर बमोजिम निरन्तर कार्य अघि बढाइनेछ ।
- गाउ'पालिका अन्तर्गत् पर्ने महाभारत भागेश्वर, घण्टेश्वर क्षेत्र, जोसिना झरना, शहीद भीमदत्त पन्तको बीरगति प्राप्त स्थान गल्लेक आदि ठाउँहरुलाई ऐतिहासिक तथा धार्मिक पर्यटन क्षेत्र घोषणा गरी पर्यटन प्रवर्द्धनकालागि आवश्यक पहल गरिनेछ ।

- गाउँपालिका अन्तरगत रहेका विभिन्न देवी देवताका मन्दिर तथा धार्मिक स्थलहरुको संरक्षण, सम्बर्द्धन र विकासका लागि आवश्यक पहल गरिनेछ ।
- स्थानीय कला संस्कृतिको संरक्षण, संबर्द्धन र विकासका लागि विभिन्न क्रियाकलापहरु सञ्चालन गरिनेछन ।

११. सूचना तथा सञ्चारः

- नेपाल दूर सञ्चार संस्थान संग समन्वय गरि गाउँपालिका अन्तर्गत आवश्यक पर्ने ठाउँमा दूरसञ्चार टावर निर्माण गर्न र सञ्चार सेवा सर्वसुलभ र प्रभावकारी बनाउन आवश्यक पहल गरिनेछ ।
- नेपाल दूर सञ्चार संस्थान तथा भायोनेट प्रा.लि. मार्फत गाउँपालिकाको ईन्टरनेट सेवा भरपर्दो र प्रभावकारी बनाईनेछ ।
- गाउँपालिका क्षेत्रभित्र एफ.एम. तथा पत्रपत्रिका सञ्चालन गर्न इच्छुक व्यक्ति तथा संघ संस्थाहरुलाई नियमानुसार अनुमति प्रदानका साथै अन्य आवश्यक सहयोग गरिनेछ ।
- गाउँपालिकाको आन्तरिक प्रशासन सुधार, घरनक्सा, जिन्सी, राजश्व संकलन, पञ्जिकरण आदि व्यवस्थापनकालागि कार्य सञ्चालन अझ छिटोछरितो र प्रभावकारी बनाउन सफ्टवेयर प्रणाली लागु गरिनेछ ।
- गाउँपालिका कार्यालयमा सूचना शाखा तथा सूचना अधिकारीको व्यवस्था गरी सूचना प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाईनेछ ।

१२. भूमी व्यवस्थापनः

- जनताले घर, घरेडी, खेतिपाती, व्यवसाय तथा यस्तै अन्य प्रयोजनका लागि भोगचलनमा ल्याएका पर्ति ऐलानी जग्गाहरु नियमानुसार सम्बन्धित व्यक्तिहरुको नाउँमा दर्ता गरी जग्गा धनी प्रमाण पूर्जा उपलब्ध गराउन नेपाल सरकारका सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ ।
- आलिताल-५स्थित गाउँपालिका कार्यालयले भोगचलन गर्दै आएको सार्वजनिक जग्गा नियमानुसार गाउँपालिका कार्यालयको स्वामित्व कायम गरी उक्त क्षेत्रमा गाउँपालिका कार्यालय, विभिन्न विषयगत सार्वजनिक कार्यालयहरु, सभाहल, खेल मैदान जस्ता सार्बजनिक संरचनाहरु निर्माण सहित गाउँपालिका सदरमुकामको रुपमा विकास गर्न बिशेष जोड दिईनेछ ।
- विभिन्न सामुदायिक संघ, संस्था, विद्यालय, बजार क्षेत्र, मठ मन्दिर, चौतारो आदिले भोगचलन गरेको जग्गाहरु छुट्याई नियमानुसार सम्बन्धित संघ संस्थाको नाममा स्वामित्व कायम गर्न आवश्यक पहल गरिनेछ ।

- गाउँपालिका अर्न्तगत रहेका अति विपन्न र भूमीहीन तथा सुम्बासी समुदाय तथा परिवारका लागि घडेरी तथा आवास व्यवस्थापन गर्न आवश्यक पहल गरिनेछ ।
- गाउँपालिका अर्न्तगत बाढी पहिरोबाट उच्च जोखिममा रहेका बस्तीहरुको संरक्षणका लागि आवश्यक योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ ।
- गाउँपालिका अन्तर्गत रहेका भूमिहिन, मुक्तहलिया तथा सुकुम्बासीहरुको पहिचान तथा तथ्यांक अद्यावधिक गरी उनीहरुको उत्थानका लागि आवश्यक पहल गरिनेछ ।

१३. शान्ति सुरक्षा तथा सामाजिक न्यायः

- गाउँपालिका अन्तर्गत् शान्ति, अमनचयन र जनताको जीउधनको सुरक्षाको निमित्त स्थानीय सुरक्षा निकायहरुलाई थप व्यवस्थित, क्रियाशील र जनमुखी बनाईनेछ ।
- गाउँपालिकाको स्रोतसाधन तथा आवश्यकताको आधारमा स्थानीय युवा युवतीहरुलाई शान्ती सुरक्षा स्वयम्सेवकको रुपमा परिचालन गरिनेछ ।
- समुदायमा हुने विभिन्न खाले घटना तथा मुद्दा ममिलाहरु यथासमयमा निष्पक्ष र न्यायोचित ढंगबाट छिनोफानो गरी जनतालाई सुशासन र न्यायको प्रत्याभुति दिलाउन गाउँपालिकाको न्यायिक समिति तथा सामुदायिक मेलमिलापकर्ताहरुको क्षमता अभिबृद्धी गर्दै उनीहरुको भूमिकालाई थप व्यवस्थित र प्रभावकारी बनाईनेछ ।
- समाजमा विद्यमान जुवातास, मदिरा लगायत विभिन्न अवैध लागु पदार्थ र अन्य अवैध क्रियाकलापहरुको नियमन, नियन्त्रण र निषेध सम्वन्धमा स्थानीय जनताको राय, सल्लाह र सुझाव बमोजिम आवश्यक नियम, कार्यविधि बनाई कार्यान्वयन गरिनेछ ।

१४. बस्ती बिकास तथा बजारीकरणः

- गाउँपालिका अन्तर्गत् एकिकृत बस्ती बिकास तथा बजारीकरण योजनाको सम्भाव्यता अध्ययन लगायत आवश्यक पूर्वाधारहरुको मापदण्डहरु निर्धारण गर्ने कार्यको थालनी गरिनेछ ।
- भवन निर्माण आचार संहिता लागु गरि गाउँपालिका अन्तरगत निर्माण गरिने सार्वजनिक तथा नीजि भवन/घरहरु निर्माण गर्नुपूर्व गाउँपालिका कार्यालयबाट अनिवार्य रुपमा नक्सा पास गराई निर्माण अनुमति लिने व्यवस्था मिलाइनेछ ।
- गाउँ बस्तीस्तरमा टोल विकास संस्था निर्माण तथा परिचालन गरी सरसफाइ लगायत अन्य विकासका क्रियाकलापहरु सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

१५. बजार नियमन तथा उपभोक्ता हित संरक्षणः

- गाउँपालिका अन्तरगत सञ्चालनमा रहेका र सञ्चालन हुने सम्पूर्ण उद्योग तथा व्यापार व्यवसायहरु अनिवार्य रुपमा गाउँपालिका कार्यालयमा दर्ता एवं नवीकरण गर्ने व्यवस्था मिलाई नियमन गरिनेछ ।
- उपभोक्ताहरुको हित तथा अधिकार संरक्षण र सम्वर्द्धनको लागि अनुगमन समिति मार्फत् बजार अनुगमन गर्ने, उपभोक्ता जागरण अभियान संचालन गर्ने र उपभोक्तालाई अनावश्यक ठगीबाट बचाउन प्रत्येक पसलमा अनिवार्य मूल्य सूचि राख्ने व्यवस्था मिलाईनेछ ।
- मदिराजन्य र सुर्तिजन्य पदार्थको बिक्री वितरण तथा उपभोग व्यवस्थित बनाउन आवश्यक नीति तथा कार्यविधी बनाई लागु गरिनेछ ।

१६. युवा तथा खेलकुद

- आलिताल मीनि रंगशाला निर्माण योजनाको बिस्तृत परियोजना प्रतिबेदन (डीपीआर) तयार गरि सम्बन्धित निकायमा बजेट मांग गरिनेछ ।
- गाउँपालिकामा आवधिक रुपमा विभिन्न खालका खेलकुद प्रतियोगिताहरु आयोजना गरी उत्कृष्ट खेलाडीहरुलाई सम्मान तथा पुरुस्कृत गर्दै खेलाडीहरुको प्रतिभा विकास गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- राष्ट्रपति रनिङ्ग शील्ड प्रतियोगिता प्रर्याप्त तयारीका साथ व्यवस्थित र भव्य रुपमा आयोजना तथा सम्पन्न गरिनेछ ।
- तदर्थ रुपमा रहेको गा.पा.स्तरीय खेलकुद विकास समितिको अधिवेशन गरि समिति चयन गरिनेछ, र समिति मार्फत खेलकुद सम्बन्धि विविध गतिविधिहरु सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।
- गाउंपालिका अन्तर्गतका सबै मा.वि.हरुमा नियमित रुपमा खेलकुद प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

१७. स्थानीय कर तथा स्रोत अभिबृद्धिः

- सम्पूर्ण उद्योग धन्दा तथा व्यापार ब्यवसायहरुलाई अभिलेखिकरण गरी कानून बमोजिम कर निर्धारण गरी राजश्वका श्रोतहरु बृद्धि गरिनेछ ।
- कानुन बमोजिम स्थानीय तहबाट उठाईने मालपोत, कर, राजश्व, शुल्क, दस्तुर आदि व्यवस्थित र नियमन गरि राजश्व संकलनलाई प्रभावकारी र पारदर्शी बनाइनेछ ।
- गाउँपालिका क्षेत्रबाट निकासी हुने प्राकृतिक तथा सार्वजनिक बस्तुहरुमा समय सापेक्षित कर निर्धारण तथा संकलन गरी गाउँपालिकाको आन्तरिक श्रोत बृद्धि गरिनेछ ।

१८. सहकारी विकास, युवा स्वरोजगार एवं सशक्तिकरणः

- गाउँपालिका अन्तर्गत गठन तथा दर्ता भएका सहकारी संस्थाहरुलाई नियमन गरि संस्थागत् विकास तथा क्षमता अभिबृद्धी गर्दै लगिनेछ ।
- सहकारी संस्थाहरुलाई व्यवस्थित र बलियो बनाउन संख्यात्मक रुपमा मात्रै धेरै देखिने सहकारी संस्थाहरुलाई एकिकरण (मर्ज) गर्ने अभियान सञ्चालन गरिनेछ ।
- चेतना सहकारी संस्थाको भवन निर्माण कार्य सम्पन्न गरि नयां भवनमा सहकारीको कार्यालय व्यवस्थापन गरिनेछ ।
- गाउँपालिका अन्तर्गत रहेका बेरोजगार युवा, युवतीहरुको तथ्यांक संकलन गरी उनीहरुको सीप, योग्यता र क्षमता अनुसार रोजगारीको व्यवस्था गर्न पहल गरिनेछ ।
- रोजगारी श्रृजनाकालागि विभिन्न सरकारी निकाय, गैसस तथा नीजिक्षेत्र संगको समन्वय र सहकार्यमा स्थानीय युवा युवतीहरुको क्षमता अभिबृद्धि गर्न विभिन्न सीपमुलक तथा स्वरोजगार सम्बन्धी तालिम लगायत अन्य विशेष कार्यक्रमहरु संचालन गरिनेछन ।
- गाउँपालिका क्षेत्रमा श्रृजना हुने रोजगारीका अवसरमा स्थानीय युवा-युवतीहरुलाई विशेष प्राथमिकता प्रदान गरिनेछ ।
- लघु तथा साना उद्योगहरु सञ्चालन गर्ने नीजिक्षेत्र तथा समुहहरुलाई सहुलियत तथा प्रोत्साहन स्वरुप बिउ पूँजी, प्रबिधि तथा ऋणको व्यवस्था मिलाउन पहल गरिनेछ ।
- बेरोजगार युवायुवतीहरुलाई व्यावसायिक कृषि तथा पशुपालनमा उत्प्रेरित गर्न नमूना कृषि तथा पशुपालन फार्महरु विकास गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई व्यवस्थित बनाई न्यायोचित रुपमा रोजगारीको अवसर प्रदान गर्नुका साथै लगानीको उचित प्रतिफल प्राप्तीमा बिशेष जोड दिईनेछ ।

१९. सामाजिक सुरक्षा तथा लक्षित वर्ग उत्थान कार्यक्रमः

- दलित, आदिवासी जनजाती, महिला, अपाङ्ग, अल्पसंख्यक तथा पछाडी परेका लक्षित वर्गको उत्थान, संरक्षण र विकासका लागि आर्यआर्जन, सीप बिकास, तालिम, रोजगारी, व्यवसाय बिकास जस्ता विशेष कार्यक्रमहरु तर्जुमा गरि सञ्चालन गरिनेछ ।
- लैङ्गिक हिंसा बिरुद्ध विभिन्न कार्यक्रमहरुका साथ अभियान सञ्चालन गरिनेछ ।
- जेष्ठ नागरिक, एकल महिला, अपाङ्ग, अल्पसंख्यक, दलित आदि वर्गले नेपाल सरकारबाट प्राप्त गर्ने सामाजिक सुरक्षा भत्ता सहज रुपमा वडा कार्यालयबाट वितरण गर्ने पद्धतिलाई निरन्तरता दिँदै अझ व्यवस्थित र प्रभावकारी बनाईनेछ ।

- द्वन्द्व पीडित व्यक्ति तथा परिवारहरुलाई राहतका लागि आवश्यक पहल गरिनेछ ।
- लक्षितवर्गहरुको बर्गिकरण गरि परिचयपत्र उपलब्ध गराउने कार्यको थालनी गरिनेछ ।

२०. दीर्घकालिन तथा ठुला योजना तथा कार्यक्रमः

आदरणिय महानुभावहरु,

यस गाउँपालिका अन्तरगत् चुनौतिको रुपमा रहेका अत्यावश्यक र गाउंपालिकाका तहबाट कार्यान्वयन गर्न सम्भव नभएका(अनुसूची-५) मा उल्लेखित ठूला तथा दीर्घकालिन योजना तथा कार्यक्रमहरु क्षेत्रगत् रुपमा प्राथमिकीकरण गरि कार्यान्वयनका लागि जिल्ला समन्वय समिति, प्रदेश सरकार तथा संघीय सरकारका विभिन्न मन्त्रालय तथा विभागहरुमा मांग अनुरोध गरी पठाउने प्रस्ताव गरिएको छ । गाउँपालिकाबाट सञ्चालन गरिएका विभिन्न क्रमागत् योजनाहरुलाई निरन्तरता दिदै सम्पन्न गर्ने र कतिपय नयां योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने प्रस्तावित बजेटको लक्ष्य रहेकोछ ।

हाम्रा आवश्यक्ता असिमित छन् तर श्रोतसाधन सीमित छन् । संघीय सरकार र प्रदेश सरकार बाट प्राप्तहुने अन्तर सरकारी बित्तिय हस्तान्तरण अन्तर्गत प्राप्तहुने अनुदान नै हाम्रो मुख्य स्रोत हो । यसरी प्राप्तहुने सिमित स्रोतबाट जनताका असिमित आवश्यक्ताहरुको परिपुर्ति गर्नु पर्ने हाम्रो बाधयता हो । त्यसकारण प्रस्तावित बजेटमा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्तहुने राजश्व बांडफांड र बित्तिय समानिकरण अनुदानको अतिरिक्त दुवै सरकारबाट समपुरक अनुदान र बिशेष अनुदान सहयोग समेत प्राप्त हुने अपेक्षा सहित रु. ४ करोड भन्दा बढिको महत्वाकांक्षा सहितको बजेट बिनियोजन तथा अनुमान गरिएकोछ ।

आदरणिय महानुभावहरु,

नेपाली जनताले तिरेको करबाट नेपाल सरकारको ढुकुटीमा संकलन भई हामीलाई प्राप्त बजेटको सही सदुपयोग गर्नेतर्फ हामी सबैको ध्यान जान जरुरी छ र यसका लागि यस गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरु, कर्मचारीहरु लगायत उपभोक्ता समितिहरु र आमजनता संवेदनशील हुन र जिम्मेवार बन्न मैले पटक-पटक आग्रह गर्दै आएको छु र पुनः आग्रह गर्न चाहन्छु । पक्कै पनि आलिताल गाउंपालिकाको विकास र यहाँका जनताको समृद्धि हामी सबैको साझा एजेण्डा हो र हुनेछ, साथै हामी सबै एकताबद्ध र गम्भीर भएर यसमा जुटनेछौ भन्ने आशा र विश्वास लिएको छु ।

अब म आगामी आ.व. २०७६/०७७ को लागि नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदान तथा राजस्व आय प्रक्षेपण छोटकरीमा प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

आ.व.२०७६/०७७ मा आय तर्फ, नेपाल सरकार अर्थ मन्त्रालयबाट बित्तिय समानिकरण अनुदान अन्तरगत् रु. ८ करोड १२ लाख, राजस्व बाँडफाँडबाट रु ७ करोड ५९ लाख, सशर्त अनुदान तर्फ रु. १५ करोड ९५ लाख, प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान रु ६८ लाख ८ हजार र राजस्व बाँडफाँडबाट रु १८ लाख ८० हजार, आ.व. २०७५/०७६ को राजश्व आय प्रक्षेपण रु. १८ लाख ७७ हजार,

सामाजिक सुरक्षा कार्यक्रम तर्फ रु. ३ करोड, अघिल्लो वर्षकोअनुमानित मौज्दात रु. ७५ लाख ८५ हजार, यसै गरि संघीय सरकार र प्रदेश सरकारबाट रु. १/१ करोड समपुरक अनुदान र रु. १/१ करोड बिशेष अनुदानको प्रक्षेपण सहित आ.व. २०७६/०७७ को कुल बजेट रु. ४०करोड ४७ लाख ५० हजार मात्र अनुमान गरिएको छ ।

त्यसै गरि आ.व. २०७६/०७७ को अनुमानित खर्च अन्तर्गत,

शसर्त अनुदान तर्फ राष्ट्रिय ग्रामीण तथा नवीकरणिय उर्जा कार्यक्रम तर्फ रु १३ लाख ५० हजार, कृषि विकास तर्फ रु १० लाख, पशु सेवा तर्फ रु ६ लाख ४५ हजार, शिक्षा विकास तर्फ रु ९ करोड ८४ लाख ३० हजार, ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना तर्फ रु ३ करोड ७८ लाख ६३ हजार, जनस्वास्थ्य तर्फ रु १ करोड २७ लाख ४ हजार र आयुर्वेद तर्फ रु २९ लाख ३७ हजार, खेलकुद तर्फ रु. १ लाख, झोलुंगेपुल तर्फ रु. २५ लाख, ग्रामीण पहुंच कार्यक्रम अन्तरगत रु.१४ लाख ५६ हजार र प्रधानमन्त्री रोजगार कार्यक्रमको चालु खर्च रु. ५ लाख २५ हजार गरी कूल रु.१५ करोड ९५ लाख,

त्यसैगरी चालु तथा प्रशासनिक खर्च तर्फ रु.४ करोड ९३ लाख, सामाजिक सुरक्षा तर्फ रु. ३ करोड,पुंजीगत तर्फ प्रत्येक वडामा रु ५० लाखका दरले रु ४ करोड र गाउँपालिका स्तरीय योजना कार्यक्रम अन्तर्गत रु १२ करोड ५९ लाख ५० हजार गरी जम्मा रु. २४ करोड ५२ लाख ५० हजारविनियोजन गरिएको छ ।

उक्त विनियोजन मध्ये सडकतर्फ रु. २ करोड ५ लाख, खानेपानी तथा सरसफाईतर्फ रु. ३७ लाख, साना सिंचाईतर्फ रु ३५ लाख, भवन निर्माणतर्फ रु. १ करोड २७ लाख, उद्योग, पर्यटन, वन तथा वातावरण तर्फ रु ७२ लाख, कृषि तथा पशु विकासतर्फ रु. ६१लाख ५० हजार, शिक्षातर्फ रु १ करोड ५३ लाख ६२ हजार, जनस्वास्थ्यतर्फ रु. ४८ लाख १३ हजार, संस्कृति प्रबर्द्धन तर्फ रु १४ लाख, लक्षित वर्ग कार्यक्रमतर्फ रु ३० लाख, युवा तथा खेलकुदतर्फ रु. १० लाख, श्रम तथा रोजगारतर्फ रु. १० लाख, ऊर्जातर्फ रु २५ लाख, विपद व्यवस्थापन तर्फ रु. ५ लाख, RVWRMP, UNDP द्वारा सञ्चालनहुने बिभिन्न कार्यक्रमहरु र समपुरक अनुदान अन्तर्गत प्रस्तावित कार्यक्रमहरुको लागि समपूरक कोष रु. २ करोड ७५ लाख,बहुक्षेत्रीय पोषण कार्यक्रकालागि रु. ६ लाख, गाउंपालिकाको यातायात गूरुयोजना निर्माणको लागि रु. १५ लाख, गाउंपालिकामा सार्वजनिक बस सेवा सञ्चालनका लागि रु. २५ लाख, न्यायिक समिति कार्यक्रमको लागि १० लाख, फर्निचर फिक्चर्स र मेशिनरी औजार तर्फ रु ३० लाख, भैपरी आउने पूंजीगततर्फ रु ५० लाख र अन्य विविध कार्यक्रमकालागि रु. १५ लाख सहित कुल १२ करोड ५९ लाख ५० हजार बिनियोजन सहित कुल खर्च रु. ४० करोड ४७ लाख ५० हजार मात्र अनुमान गरेको छु ।

उक्त बजेट यस गाउँपालिकाले आ.व. २०७५/०७६ मा सञ्चालन गरेका क्रमागत योजनाहरु, गाउँपालिकाका गौरबका विशेष योजना तथा कार्यक्रमहरु लगायत स्थानीय आवश्यकता तथा मांग बमोजिमका योजना तथा कार्यक्रमहरु र विभिन्न विषयगत निकायहरु र संघसंस्थाहरु सँगकोसाझेदारीलाई ध्यानमा राखी प्राथमिकताका आधारमा कार्यान्वयन गर्ने गरी बिनियोजन गरिएको छ ।

आदरणिय महानुभावहरु,

योजना तर्जुमा र बजेटको विनियोजनले मात्रै अपेक्षित नतिजा हासिल गर्न सकिँदैन, त्यसका लागि प्रभावकारी कार्यान्वयन, जनसहभगिता र अनुगमनको आवश्यकता पर्दछ । यस क्रममा सवै राजनैतिकदल, जनप्रतिनिधिहरु, नागरिक समाज, सरकारी कार्यालय, गैरसरकारी संघसंस्था, उपभोक्ता समिति, निर्माण व्यवसायी, उद्योगी व्यापारी, समाजसेवी तथा आम कर्मचारीवर्ग सहित सम्पूर्ण गाउँपालिकावासी दाजु-भाइ दिदी-बहिनीहरुको साझा प्रतिवद्धता र प्रयास आवश्यक पर्दछ । सम्बन्धित सरोकारवालाहरु तथा दातृनिकाय र विभिन्न संघसंस्था सबैबाट सदा झै निरन्तर सहयोग प्राप्त भइरहने आशा एवं विश्वास लिएको छु ।

आदरणीय महानुभावहरू

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा प्राप्त मार्गदर्शन, सल्लाह, सुझाव र प्रेरणाका लागि राजनीतिक दलका साथीहरु, गाउँ कार्यपालिकाका सदस्य साथीहरु, राजस्व परामर्श समितिका सदस्य ज्यूहरु, श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिका सदस्यज्यूहरु, विषयगत् समितिका संयोजक तथा सदस्यज्यूहरु, सबैलाई हार्दिक धन्यवाद दिदै नीति, कार्यक्रम तथा बजेट तर्जूमामा जस्तै बजेट कार्यान्वयनमा पनि सबैबाट सकारात्मक तथा सक्रिय सहयोग र सहकार्य हुने कुरामा विश्वस्त छु ।

अन्त्यमा,अति व्यस्त समयका बावजुद हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस गाउँसभामा पाल्नुहुने सम्पूर्ण गाउँसभाका सभासद् ज्युहरु, कर्मचारी मित्रहरु लगायत उपस्थित सम्पुर्ण महानुभावहरु प्रति हार्दिककृतज्ञता सहित आभार व्यक्त गर्दछु ।

धन्यवाद ।

# आलिताल गाउंपालिकाको आ.व. २०७६।०७७ को बजेट तथा कार्यक्रम

स्वीकृत आय व्ययको विवरण

आ.व. २०७६।०७७

अनुसूचि १

रु. हजारमा

| शिर्षक | आ.व.२०७५।०७६ को यथार्थ | आ.व.२०७६।०७७ को अनुमान | आ.व.२०७७।०७८ को अनुमान |
|---|---|---|---|
| आय | | ४०४७५० | ४४५२२५ |
| राजश्व | | ७९६५७ | ८७६२२।७ |
| आन्तरिक राजश्व | | १८७७ | २०६४।७ |
| राजश्व बांडफांडबाट प्राप्त रकम | | ७७७८० | ८५५५८ |
| क) सघबाट | | ७५९०० | ८३४९० |
| ख) प्रदेशबाट (सवारी कर) | | १८८० | २०६८ |
| अन्य आय | | ० | ० |
| अन्तर सरकारी वित्तिय हस्तान्तरण | | २६०७०० | २८६७७० |
| नेपाल सरकारबाट प्राप्त | | | ० |
| क) सशर्त अनूदान | | १५९५०० | १७५४५० |
| ख) वित्तीय समानीकरण अनुदान | | ८१२०० | ८९३२० |
| ग) समपूरक अूनदान | | १०००० | ११००० |
| घ) विशेष अनूदान | | १०००० | ११००० |
| प्रदेश सरकारबाट प्राप्त | | २६८०८ | २९४८८।८ |
| क) वित्तीय समानीकरण | | ६८०८ | ७४८८।८ |
| ख) सशर्त अनूदान | | ० | ० |
| ग) समपूरक अूनदान | | १०००० | ११००० |
| घ) विशेष अनूदान | | १०००० | ११००० |
| अन्तर स्थानीय तहबाट प्राप्त | | ० | ० |
| चालु आ.व.बाट वित्तीय हस्तान्तरण | | ० | ० |
| अन्य | | ७५८५ | ८३४३।५ |
| मुल सञ्चित कोषमा अनूमानित मौज्दात | | ७५८५ | ८३४३।५ |
| सामाजिक सुरक्षा भत्ता | | ३०००० | ३३००० |
| जनसहभागिता | | | ० |
| नगद जनसहभागिता | | ० | ० |
| श्रम तथा बस्तूगत सहायता | | ० | ० |
| व्यय | | ४०४७५० | ४४५२२५ |
| सामाजिक सुरक्षा भत्ता | | ३०००० | ३३००० |
| सशर्त अनूदान | | १५९५०० | १७५४५० |
| चालु खर्च | | ४९३०० | ५४२३० |
| पूंजीगत खर्च | | | ० |
| क) गा.पा.स्तरीय योजना तथा कार्यक्रम | | १२५९५० | १३८५४५ |
| ख) वडा स्तरीय योजना तथा कार्यक्रम | | ४०००० | ४४००० |
| वजेट बचत (+)/ न्यून(-) | | ० | ० |

आलिताल गाउंपालिका आ.व.२०७६।०७७ को बजेट तथा कार्यक्रम

अनुसुचि २

रु.हजारमा

चालु तर्फको स्वीकृत व्यय अनूमान

| शिर्षक | | बजेटको स्रोत | निकासा विधि | आ.व. ०७५।०७६को यथार्थ | आ.व.०७६।०७७ को अनूमान | आ.व.०७७।०७८ को प्रस्तावित |
|---|---|---|---|---|---|---|
| चालु खर्च | | | | | ४९३०० | ५४२३० |
| २१११११ | कर्मचारी तलव | राजश्व बांडफाड | नगद | | १०००० | ११००० |
| २१११२ | पारिश्रमिक जनप्रतिनिधी | राजश्व बांडफाड | नगद | | ४७०० | ५१७० |
| २१११९ | अन्य भत्ता | राजश्व बांडफाड | नगद | | १००० | ११०० |
| २११२१ | पोशाक | राजश्व बांडफाड | नगद | | ३०० | ३३० |
| २११३१ | स्थानीय भत्ता | राजश्व बांडफाड | नगद | | ७०० | ७७० |
| २११३२ | महंगी भत्ता | राजश्व बांडफाड | नगद | | ८०० | ८८० |
| २११४२ | पदाधिकारी संचार सूविधा | राजश्व बांडफाड | नगद | | १०० | ११० |
| २१२१४ | कर्मचारी कल्याण कोष | राजश्व बांडफाड | नगद | | २०० | २२० |
| २२१११ | पानी विजूली | राजश्व बांडफाड | नगद | | ४०० | ४४० |
| २२११२ | संचार खर्च (टेलिफोन, इन्टरनेट) | राजश्व बांडफाड | नगद | | १५०० | १६५० |
| २२२१२ | इन्धन | राजश्व बांडफाड | नगद | | १५०० | १६५० |
| २२२१३ | सवारी साधन मर्मत | राजश्व बांडफाड | नगद | | १५०० | १६५० |
| २२२१४ | बीमा तथा नवीकरण शूल्क | राजश्व बांडफाड | नगद | | ३०० | ३३० |
| २२२२१ | सञ्चालन खर्च | राजश्व बांडफाड | नगद | | १००० | ११०० |
| २२२३१ | मर्मत सम्भार | राजश्व बांडफाड | नगद | | २५०० | २७५० |
| २२३११ | मसलन्द तथा कार्यालय सामान | राजश्व बांडफाड | नगद | | २५०० | २७५० |
| २२३१४ | इन्धन तथा अन्य प्रयोजन | राजश्व बांडफाड | नगद | | २०० | २२० |
| २२३१५ | सुचना प्रकाशन | राजश्व बांडफाड | नगद | | १२०० | १३२० |
| २२४११ | सेवा तथा परामर्श खर्च | राजश्व बांडफाड | नगद | | २५०० | २७५० |
| २२४१३ | करार सेवा शूल्क | राजश्व बांडफाड | नगद | | १५०० | १६५० |
| २२५११ | कर्मचारी तालिम खर्च | राजश्व बांडफाड | नगद | | १००० | ११०० |
| २२५१२ | क्षमता विकास तालिम तथा गोष्ठी | राजश्व बांडफाड | नगद | | १००० | ११०० |
| २२५२२ | बिभिन्न कार्यक्रम खर्च | राजश्व बांडफाड | नगद | | १५०० | १६५० |
| २२६११ | अनूगमन मूल्यांकन खर्च | राजश्व बांडफाड | नगद | | १५०० | १६५० |
| २२६१२ | दैनिक भ्रमण खर्च | राजश्व बांडफाड | नगद | | २००० | २२०० |
| २२७११ | विविध खर्च | राजश्व बांडफाड | नगद | | २००० | २२०० |
| २२७२१ | सभा सञ्चालन खर्च | राजश्व बांडफाड | नगद | | १००० | ११०० |
| २७११२ | आर्थिक सहायता | राजश्व बांडफाड | नगद | | १००० | ११०० |
| २७२१२ | उद्धार, राहत तथा पूनर्स्थापन | राजश्व बांडफाड | नगद | | १५०० | १६५० |
| २८१४२ | घरभाडा | राजश्व बांडफाड | नगद | | ९०० | ९९० |
| २८१४३ | औजार भाडा | राजश्व बांडफाड | नगद | | ५०० | ५५० |
| २८९११ | भैपरी आउने चालू खर्च | राजश्व बांडफाड | नगद | | १००० | ११०० |
| जम्मा | | | | | ४९३०० | ५४२३० |

आलिताल गाउंपालिका आ.व.२०७६।०७७ को बजेट तथा कार्यक्रम

अनुसुचि २

रु.हजारमा

## चालु तर्फको स्वीकृत व्यय अनुमान (वडा स्तरीय)

| शिर्षक | | बजेटको स्रोत | निकासा विधि | प्रति वडा | आ.व.०७६।०७७ को अनुमाान | आ.व.०७७।७८ को प्रस्तावित | कैफियत |
|---|---|---|---|---|---|---|---|
| चालु खर्च | | | | ७७६ | ६०७६ | ६६८३।६ | |
| २२१११ | पानी विजुली | राजश्व बांडफाड | नगद | १५ | १२० | १३२ | |
| २२११२ | संचार खर्च | राजश्व बांडफाड | नगद | २५ | २०० | २२० | |
| २२२१२ | इन्धन | राजश्व बांडफाड | नगद | ६० | ४८० | ५२८ | |
| २२२१३ | सवारी साधन मर्मत | राजश्व बांडफाड | नगद | ६० | ४८० | ५२८ | |
| २२२२१ | मेशीनरी औजार मर्मत तथा सञ्चालन खर्च | राजश्व बांडफाड | नगद | ४० | ३२० | ३५२ | |
| २२३११ | मसलन्द तथा कार्यालय सामान | राजश्व बांडफाड | नगद | १०० | ८०० | ८८० | |
| २२३१५ | पत्रपत्रिका,मिडिया, छपाइ तथा सुचना प्रकाशन | राजश्व बांडफाड | नगद | ३० | २४० | २६४ | |
| २२५२२ | कार्यक्रम खर्च | राजश्व बांडफाड | नगद | ७० | ५६० | ६१६ | |
| २२६११ | अनुगमन मुल्यांकन खर्च | राजश्व बांडफाड | नगद | १०० | ८०० | ८८० | |
| २२६१२ | दैनिक भ्रमण खर्च | राजश्व बांडफाड | नगद | १०० | ८०० | ८८० | |
| २२७११ | विविध खर्च | राजश्व बांडफाड | नगद | ५० | ४०० | ४४० | |
| २२७२१ | सभा सञ्चालन खर्च | राजश्व बांडफाड | नगद | ३० | २४० | २६४ | |
| २८१४२ | घरभाडा | राजश्व बांडफाड | नगद | ६६ | ३९६ | ४३५।६ | वडा नं. २ र ५ बाहेक |
| | राष्ट्यि/अन्तराष्ट्यि दिवस समारोह सम्बन्धी खर्च | राजश्व बांडफाड | नगद | ३० | २४० | २६४ | |
| जम्मा | | | | ७७६ | ६०७६।०० | ६६८३।६ | |

## आलिताल गाउँपालिका, डडेल्धुरा

### आ.व. २०७६/०७७ का लागि स्विकृत गाउँपालिका स्तरीय योजना तथा कार्यक्रमहरु

अनुसूची ३

रू. हजारमा

क्षेत्र : पूर्वाधार विकास (सडक)

| क.स. | योजना तथा कार्यक्रम | कार्यान्वयन हुने स्थान | बजेटको स्रोत | निकासा विधि | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | आलिताल - गाडखेत सडक विस्तार (दुवै तर्फबाट) | वडा न. २, ३ र ५ | समपुरक अनुदान (संघ) | नगद | १०००० | क्रमागत |
| २ | घुम्ती-आलिताल-चौडबण्डाले -सेला सडक स्तरोन्नति र विस्तार | वडा न. ३ | बिशेष अनुदान (प्रदेश) | नगद | २५०० | क्रमागत |
| ३ | उणीकोट - काफली - साहुखर्क कृषि सडक विस्तार | वडा नं. २ | बिशेष अनुदान (प्रदेश) | नगद | २५०० | क्रमागत |
| ४ | गैरा- निकाने- हर्तोला कृषि सडक विस्तार | वडा नं. १ | बिशेष अनुदान (संघ) | नगद | २५०० | क्रमागत |
| ४ | कुर्जेनी-डांडाखर्क कृषि सडक विस्तार | वडा नं. ८ | बित्तिय समानीकरण अनुदान | नगद | ५०० | |
| ५ | गाउँपालिका अन्तर्गतका सडकहरु मर्मत तथा सफाइ | गा.पा. | वित्तिय समानिकरण अनुदान | नगद | २५०० | |
| | | | | | २०५०० | |

क्षेत्र : सामाजिक विकास (खानेपानी तथा सरसफाई)

| क.स. | योजना तथा कार्यक्रम | कार्यान्वयन हुने स्थान | बजेटको स्रोत | निकासा विधि | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | घरसोडा देउवागाउँ (सेठीखर्क मुल) खापायो निर्माण | वडा नं. १ | वित्तिय समानिकरण अनुदान | नगद | ५०० | |
| २ | मल्लो हम्तड (बांसघारी) खापायो मर्मत | वडा न. ८ | वित्तिय समानिकरण अनुदान | नगद | ५०० | |
| ४ | खानेपानी योजनाहरु निर्माण तथा मर्मत | ग्रा.पा. | बिशेष अनुदान (संघ) | नगद | २५०० | रु.५ लाखका दरले वडा नं. ४, ५, ६, ७, ८ |
| ५ | मा.वि.तहका छात्राहरुलाई सेनेटरी प्याड वितरण | सबै मा.वि.हरु | वित्तिय समानिकरण अनुदान | नगद | २०० | |
| | | | | | ३७०० | |

क्षेत्र : पूर्वाधार विकास (सिंचाई)

| क.स. | योजना तथा कार्यक्रम | कार्यान्वयन हुने स्थान | बजेटको स्रोत | निकासा विधि | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|
| २ | विभिन्न सिचाई योजनाहरु मर्मत सम्भार | गा.पा. | बिशेष अनुदान (संघ) | नगद | २५०० | |
| ३ | नदी खहरे नियन्त्रण कार्यक्रम | गा.पा. | बित्तिय समानिकरण | नगद | १००० | |
| | | | | | ३५०० | |

क्षेत्र : पूर्वाधार विकास (भवन निर्माण)

| क.स. | योजना तथा कार्यक्रम | कार्यान्वयन हुने स्थान | बजेटको स्रोत | निकासा विधि | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | गाउँपालिकामा आवास भवन निर्माण | गापा | बित्तिय समानिकरण | नगद | ५००० | |
| २ | चेतना सहकारी संस्थाको भवन निर्माण | गापा | बित्तिय समानिकरण | नगद | १००० | क्रमागत |
| ३ | वडा कार्यालय भवन निर्माण ४ वटा | गापा | समपुरक अनुदान (प्रदेश) | नगद | ५००० | बहुबर्षे योजना |
| ४ | ने.रे.सो. आलिताल शाखाको भवन निर्माण | वडा नं. ४ | बित्तिय समानिकरण | नगद | ७०० | |
| ५ | सामुदायिक भवन निर्माणमा समुदायलाई सहयोग ४ वटा | विभिन्न वडा | बित्तिय समानिकरण | नगद | १००० | |
| | | | | | १२७०० | |

क्षेत्र : आर्थिक विकास (उद्योग, पर्यटन, वन तथा वातावरण)

| क.स. | योजना तथा कार्यक्रम | कार्यान्वयन हुने स्थान | बजेटको स्रोत | निकासा विधि | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | आलिताल संरक्षण तथा विकास | वडा नं. ३ | समपुरक अनुदान (प्रदेश) | नगद | ५००० | क्रमागत |
| २ | साना उद्योग स्थापना तथा सञ्चालन अनुदान सहयोग | गापा | वित्तिय समानिकरण अनुदान | नगद | १००० | |
| ३ | हाइटेक नर्सरी सुधार विस्तार | गापा | वित्तिय समानिकरण अनुदान | नगद | ५०० | क्रमागत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | सामुदायिक वन विकास कार्यक्रम | गा.पा. | वित्तिय समानिकरण अनुदान | नगद | ५०० | |
| ७ | होमस्टे सञ्चालनमा सहयोग | वडा नं. ३ र ८ | वित्तिय समानिकरण अनुदान | नगद | २०० | |
| | | | | | ७२०० | |

क्षेत्र : आर्थिक विकास (कृषि तथा पशुपालन)

| क्र.स. | योजना तथा कार्यक्रम | कार्यान्वयन हुने स्थान | बजेटको स्रोत | निकासा विधि | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | एक गाउँ एक उत्पादन पकेट कार्यक्रम | गा.पा. | वित्तिय समानिकरण अनुदान | नगद | २००० | |
| २ | मसलाजन्य कृषि उत्पादन पकेट कार्यक्रम | गा.पा. | वित्तिय समानिकरण अनुदान | नगद | ५०० | |
| ३ | कृषि विकास सम्बन्धी अन्य कार्यक्रमहरु (विपयगत् शाखा) | गा.पा. | वित्तिय समानिकरण अनुदान | नगद | १००० | |
| ४ | व्यावसायिक बंगुर पालन फार्म स्तरोन्नती तथा घेरबार | वडा नं. ८ डोला | वित्तिय समानिकरण अनुदान | नगद | ४०० | क्रमागत् |
| ५ | व्यावसायिक लोकल कुखुरा संरक्षण | विभिन्न वडा | वित्तिय समानिकरण अनुदान | नगद | ६०० | क्रमागत् र नयां |
| ८ | पशु विकास सम्बन्धी अन्य कार्यक्रम (विपयगत् शाखा) | गा.पा. | वित्तिय समानिकरण अनुदान | नगद | १६७५ | |
| | | | | | ६१७५ | |

क्षेत्र : सामाजिक विकास (शिक्षा)

| क्र.स. | योजना तथा कार्यक्रम | कार्यान्वयन हुने स्थान | बजेटको स्रोत | निकासा विधि | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बालविकास केन्द्र सञ्चालन | गा.पा. | वित्तिय समानिकरण अनुदान | नगद | २४०० | |
| २ | शिक्षक, कर्मचारी व्यवस्थापन तथा शैक्षिक गुणस्तर सुधार | गा.पा. | वित्तिय समानिकरण अनुदान | नगद | ७८०० | |
| ३ | नमूना विद्यालय कार्यक्रम (प्रत्येक वडामा १ वटा) | गा.पा. | वित्तिय समानिकरण अनुदान | नगद | ८०० | |
| ४ | राष्टपति रनिङ्ग शील्ड प्रतियोगिता | गा.पा. | वित्तिय समानिकरण अनुदान | नगद | २०० | |
| ५ | कक्षा ८ को परीक्षा व्यवस्थापन | गा.पा. | वित्तिय समानिकरण अनुदान | नगद | २०० | |
| ६ | शिक्षा विकास सम्बन्धी अन्य कार्यक्रम | गा.पा. | वित्तिय समानिकरण अनुदान | नगद | ११६२ | |
| ७ | खेलकुद प्रशिक्षण | सबै मा.वि.हरु | वित्तिय समानिकरण अनुदान | नगद | ३०० | |
| ८ | छात्रावास भवन निर्माण | दुर्गा उमावि वडा नं. ८ | विशेष अनुदान (प्रदेश) | नगद | २५०० | बहुवर्षिय |
| | | | | | १५३६२ | |

क्षेत्र : सामाजिक विकास (जनस्वास्थ्य)

| क्र.स. | योजना तथा कार्यक्रम | कार्यान्वयन हुने स्थान | बजेटको स्रोत | निकासा विधि | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | स्वास्थ्य स्वयं सेविका पोशाक/प्रोत्साहन | गा.पा. | वित्तिय समानिकरण अनुदान | नगद | ४१३ | |
| २ | जनस्वास्थ्य सेवा सम्बन्धी विभिन्न कार्यक्रमहरु | गा.पा. | वित्तिय समानिकरण अनुदान | नगद | ३५०० | |
| ३ | आयूर्वेदिक जनस्वास्थ्य सेवा सम्बन्धी कार्यक्रमहरु | गा.पा. | वित्तिय समानिकरण अनुदान | नगद | ७०० | |
| ४ | योग विज्ञान शिविर सञ्चालन | गा.पा. | वित्तिय समानिकरण अनुदान | नगद | २०० | |
| | | | | | ४८१३ | |

क्षेत्र : सामाजिक विकास (संस्कृति प्रवर्द्धन)

| क्र.स. | योजना तथा कार्यक्रम | कार्यान्वयन हुने स्थान | बजेटको स्रोत | निकासा विधि | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|
| २ | घण्टेश्वर मन्दिर परिसरमा विविध संरचना निर्माण | वडा नं. १ | वित्तिय समानिकरण अनुदान | नगद | ५०० | |
| ३ | स्थानीय संस्कृति जगेर्ना तथा प्रवर्द्धन सम्बन्धी कार्यक्रम | गा.पा. | वित्तिय समानिकरण अनुदान | नगद | ३०० | |
| ४ | बौद्ध गुम्बा निर्माण | वडा नं. ८ डोलागाउँ | वित्तिय समानिकरण अनुदान | नगद | १०० | |
| ५ | जिम्दारबाबा स्थान परिसरमा बनभोज स्थल निर्माण | वडा नं.४ | वित्तिय समानिकरण अनुदान | नगद | ५०० | |
| | | | | | १४०० | |

क्षेत्र : सामाजिक विकास (महिला तथा लक्षित वर्ग कार्यक्रम)

| क.स. | योजना तथा कार्यक्रम | कार्यान्वयन हुने स्थान | बजेटको स्रोत | निकासा विधि | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | महिला सञ्जालको क्षमता अभिवृद्धि कार्यक्रम | गा.पा. | राजश्व बांडफांड | नगद | ३०० | |
| २ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवसीय कार्यक्रम | गा.पा. | राजश्व बांडफांड | नगद | २०० | |
| ३ | लैंगिक हिंसा विरुद्ध अभियान | गापा तथा सबै वडा | राजश्व बांडफांड | नगद | ३०० | |
| ४ | किशोरीहरुको क्षमता अभिबृद्धि कार्यक्रम | गा.पा. | राजश्व बांडफांड | नगद | ५०० | |
| ५ | किशोर किशोरीहरुमा अन्तरनिहित प्रतिभा पहिचानका लागि गापास्तरीय प्रतिभा पहिचान कार्यक्रम | गा.पा. | राजश्व बांडफांड | नगद | ३०० | |
| ६ | स्थानीय भाषामा सन्देशमूलक रेडियो कार्यक्रम | गा.पा. | राजश्व बांडफांड | नगद | १०० | |
| ७ | सन्देशमूलक सामग्री प्रकाशन (पोष्टर, क्यालेन्डर आदि) | गा.पा. | राजश्व बांडफांड | नगद | ३०० | |
| ९ | लक्षित वर्ग (दलित, जनजाती, अपांग आदि) उत्थान तथा विकास कार्यक्रम | गा.पा. | राजश्व बांडफांड | नगद | १००० | |
| | | | | | ३००० | |

क्षेत्र : (संस्थागत तथा मानव संसाधन विकास (युवा तथा खेलकुद)

| क.स. | योजना तथा कार्यक्रम | कार्यान्वयन हुने स्थान | बजेटको स्रोत | निकासा विधि | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|
| ३ | खेलकुद विकास समिति कार्यक्रम | गा.पा. | वित्तिय समानिकरण अनुदान | नगद | १००० | |
| | | | | | १००० | |

क्षेत्र : आर्थिक विकास (श्रम तथा रोजगार)

| क.स. | योजना तथा कार्यक्रम | कार्यान्वयन हुने स्थान | बजेटको स्रोत | निकासा विधि | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बेरोजगार यूवा-यूवतीहरुका लागि सीपमुलक तालिम तथा प्रविधि हस्तान्तरण | गा.पा. | वित्तिय समानिकरण अनुदान | नगद | १००० | |
| | | | | | १००० | |

क्षेत्र : पूर्वाधार विकास (उर्जा)

| क.स. | योजना तथा कार्यक्रम | कार्यान्वयन हुने स्थान | बजेटको स्रोत | निकासा विधि | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नवीकरणीय उर्जा कार्यक्रम | गा.पा. | विशेष अनुदान (संघ) | नगद | २५०० | |
| | | | | | २५०० | |

क्षेत्र : संस्थागत विकास तथा सेवा प्रवाह (विविध)

| क.स. | योजना तथा कार्यक्रम | कार्यान्वयन हुने स्थान | बजेटको स्रोत | निकासा विधि | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | समपुरक कोष | गा.पा. | राजश्व बांडफांड | नगद | २७५०० | |
| २ | भैपरि आउने पूजीगत | गा.पा. | वित्तिय समानिकरण अनुदान | नगद | ५००० | |
| ३ | विपद व्यवस्थापन | गा.पा. | वित्तिय समानिकरण अनुदान | नगद | ५०० | |
| ४ | मेशिनरी औजार | गा.पा. | वित्तिय समानिकरण अनुदान | नगद | १५०० | |
| ५ | गाउँपालिकाको यातायात गुरुयोजना निर्माण | गा.पा. | वित्तिय समानिकरण अनुदान | नगद | १५०० | |
| ६ | फर्निचर फिक्चर्स | गा.पा. | वित्तिय समानिकरण अनुदान | नगद | १५०० | |
| ७ | सवारी साधन | गा.पा. | वित्तिय समानिकरण अनुदान | नगद | ३०० | |
| ८ | बहुक्षेत्रीय पोषण कार्यक्रम | गा.पा. | वित्तिय समानिकरण अनुदान | नगद | ६०० | |
| ९ | ऐन, नियम, कार्यविधि तथा अन्य कानून निर्माण | गा.पा. | वित्तिय समानिकरण अनुदान | नगद | ५०० | |
| १० | न्यायिक समिति कार्यक्रम | गा.पा. | वित्तिय समानिकरण अनुदान | नगद | १००० | |
| ११ | एकिकृत घुम्ती शिविर सञ्चालन | गा.पा. | वित्तिय समानिकरण अनुदान | नगद | ५०० | |
| १२ | आलिताल र गांखेत प्रहरी चौकी लाई व्यवस्थापन सहयोग ( फर्निचर, मर्मत, ईन्धन आदी) | गा.पा. | वित्तिय समानिकरण अनुदान | नगद | २०० | |
| १३ | सार्वजनिक बस सेवा सञ्चालन | गा.पा. | विशेष अनुदान (प्रदेश) | नगद | २५०० | |
| | | | | | ४३१०० | |